# पशु बधशाला तथा बधस्थल (स्थापना तथा संचालन) कार्यविधि,२०७५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश,वीरेन्द्रनगर, सुर्खेत

नेपाल

# पशु बधशाला तथा बधस्थल (स्थापना तथा संचालन) कार्यविधि,२०७५

**प्रस्तावना:** कर्णाली प्रदेशको पशुपालन व्यवसायबाट उत्पादित मासु तथा मासुजन्य पदार्थलाई स्वच्छ, स्वस्थ प्रतिस्पर्धाद्धारा ब्यवसायिक र व्यवस्थित रुपले बजारीकरण गरी स्वच्छ र स्वस्थ मासु तथा मासुजन्य पदार्थ निर्यात गर्न प्रदेशका पशुपालक कृषक व्यवसायीहरुको आर्थिक बृद्धि गरी प्रदेशको आर्थिक रुपान्तरणमा योगदान पुऱ्याउन मन्त्रालयको आ.व. २०७५/०७६ मा स्वीकृत वजेट तथा कार्यक्रमलाई सरल, सहज,पारदर्शी एवं प्रभाकारी ढंगले संचालन गर्न बान्छनीय भएकोले मन्त्रालयले **पशु बधशाला तथा बधस्थल (स्थापना तथा संचालन) कार्यविधि, २०७५** तयार गरेकोछ ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम **पशु बधशाला तथा बधस्थल (स्थापना तथा संचालन) कार्यविधि, २०७५** रहेको छ ,

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२. परिभाषा:- विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

ख) "निर्देशनालय" भन्नाले पशुपंछी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

ग) "सहकारी संस्था" भन्नाले नेपाल सरकारको सहकारी ऐन,२०७४ बमोजिम गठन भएका सहकारी संस्था सम्झनु पर्दछ ।

घ) "अनुदान" भन्नाले पशु बधशाला तथा बधस्थल स्थापना वा संचालन गर्नका लागि सहयोग पुऱ्याउन उपलव्ध गराइने नगद वा बस्तुगत सहयोग सम्झनु पर्दछ ।

ङ) "अनुदानग्राही" भन्नाले पशु बधशाला तथा बधस्थल स्थापना तथा संचालन गर्न इजाजत प्राप्त स्वस्थ र स्वच्छ मासु उत्पादन, विविधिकरण, प्रशोधन र बजारीकरण गर्नका लागि छनौट भएका मासु व्यवसायी र स्थानीय तहलाई समेत सम्झनु पर्दछ ।

छ) "व्यवसायी" भन्नाले प्रचलित कानून बमोजिम आधिकारीक निकायबाट मासु व्यवसाय सचालन गर्ने उद्देश्यले दर्ता भएका कम्पनी, फर्म, सहकारी, समुह र उद्यमी समेतलाई सम्झनु पर्दछ ।

ज) "पूर्वाधार" भन्नाले पशु बधशाला तथा बधस्थल स्थापना वा संचालन गर्नका लागि आवश्यक पर्ने भवन तथा मेसीनरी सामानहरु सम्झनु पर्दछ ।

झ) "प्रस्ताव" भन्नाले पशु बधशाला तथा बधस्थल स्थापना वा संचालन गर्नका लागि पेश गरिएको विस्तृत कार्ययोजनालाई सम्झनु पर्दछ ।

ञ) "पशु बधशाला" भन्नाले आधुनिक प्रविधिको प्रयोग गरी स्वच्छ र स्वस्थ मासु उत्पादन तथा भण्डारण गर्नका लागि निर्माण गरिएको गृहलाइ सम्झनु पर्दछ ।

ट) "पशु बधस्थल" भन्नाले आधुनिक प्रविधिको प्रयोग गरी स्वच्छ र स्वस्थ मासु उत्पादनका लागि पशु बध गर्ने स्थान वा क्षेत्रलाई सम्झनु पर्दछ ।

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ



मा.विमला के.सी.

परिच्छेद- २

कार्यक्रम संचालन प्रक्रिया

३.अनुदान प्रवाह गर्ने निकाय: अनुदान प्रवाह गर्ने निकाय मन्त्रालय, वा अन्तरगतका निर्देशनालय र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु रहनेछन ।

४. सूचना प्रकाशन तथा प्रस्ताव आव्हान:

१) अनुदान प्रवाह गर्ने निकायले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ, सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ ।

२) प्रस्ताव पेश गर्न नियमानुसार इच्छुक इजाजत प्राप्त फर्म सहकारी वा संस्थाले ले अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

५.आवेदनका लागि चाहिने आवश्यक कागजात: आवेदकले आवेदन साथ निम्न वमोजिम कागजातहरु संलग्न गर्नुपर्नेछः-

१) सूचना प्रकाशन हुनु भन्दा पहिले पशु बधशाला तथा बधस्थल स्थापना वा संचालनगर्न इजाजत प्राप्त प्रमाण पत्रको प्रतिलिपि,

२) कृषि /पशुपालन व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समुह वा कृषक समूहले सूचना अवधि भित्र पशुपन्छी तथा पशुजन्य बस्तुहरुको कार्यक्रम सञ्चालन गर्न सहकारीको हकमा सञ्चालक समितिको, अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि ,

३) पशु बधशाला तथा बधस्थल स्थापना तथा संचालन गर्ने विवरण सहितको अनुसूची ३ (क) र (ख) प्रस्तावना ,

४) सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,

५) वातावरणिय प्रभाव मूल्यांकन प्रतिवेदन

६) प्रस्तावकको गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि,र कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण,

७) सहकारी संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि,

८) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी,

९) आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि अनुदानग्राहीले व्यहोर्नु पर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धता भएको प्रमाणित गर्ने कागजपत्रहरु,

६.कार्यक्रम कार्यान्वयन प्रक्रिया: पशु बधशाला तथा बधस्थल स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन प्रक्रिया देहाय वमोजिम हुनेछ :

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा.विमला के.सी.
मन्त्री

सचिव

१) यस कार्यक्रम कार्यान्वयनको लागि उपयुक्त डिजाइन, लेआउट तथा लागत स्टिमेट अनुदान प्रवाह गर्ने निकायले निर्धारण गरे वमोजिम हुनेछ,

२) स्थानीय स्तरमा अनुदानग्राही मार्फत कार्यान्वयनको जिम्मेवारी भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको हुनेछ ।

७) **प्रस्तावको मुल्यांकन तथा छनौटः** १) कार्यक्रम सँग सम्बन्धित स्थानीय तह सँगको समन्वयमा अनुदानग्राही छनौट गरिनेछ र यस्ता कार्यक्रमका क्रियाकलापहरुको अनुसुची ४ र ५ को अधारमा अनुसुची ६ अनुसार प्रस्ताव मुल्यांकन तथा छनौट समितीबाट स्वीकृत गराई संचालन गर्नु पर्नेछ ।

२) प्रस्तावको मुल्यांकन छनौट स्वीकृत आधार र मापदण्ड अनुसुची ११ मा उल्लेख भए बमोजिम हुनेछ।

८) **प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिः** (१) प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति देहायानुसार हुनेछः-

| | |
|---|---|
| क) कार्यालय प्रमुखले तोकेको विषयगत अधिकृत | - संयोजक |
| ख) आर्थिक शाखा प्रमुख सम्बन्धित विज्ञ केन्द्र | - सदस्य |
| ग) पशु चिकित्सा विषयमा कम्तीमा स्नातकको उपाधि हासिल गरेको व्यक्ति एक जना | -सदस्य |
| घ) पशु सेवा विज्ञ केन्द्रको खरिद ईकाइ प्रमुख, | - सदस्य-सचिव |

(२)समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ । समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

(३) समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

(४) **मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार** देहाय बमोजिम हुनेछ :-

क) मुल्यांकन सिमितले अनुसुची बमोजिम प्रस्ताव मुल्यांकन र अनिवार्य स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ।

ख) आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ, प्रत्यायोजित अधिकार वमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ग) समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

घ) समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले ७ दिन भित्र प्रस्ताव छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

ङ) उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुनः बढीमा ७ दिनको म्याद थप गर्न सकिनेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा.विमला के.सी.

च) मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरि सकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्नेछप्रस्ताव मुल्याकन का आधारहरु देहाय बमोजिम हुनेछः- यस कार्यविधि को अनुसुची ४ र ५ मा उल्लेखित नम्बरका आधारमा मुल्यांकन गरिने छ ।

छ) उल्लेखित अनुसुचीमा भएका मुल्यांकनका आधारहरुको सम्बन्धमा मुल्यांकन समितिले प्रस्ताव खोल्नु अगावै आवश्यक मुल्यांकनका उप आधारहरु तय गर्नु पर्नेछ ।

ज) कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ ।

झ) छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सूचना दिनुपर्नेछ ।

ञ) छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

९..<u>सम्झौता र भुक्तानीः</u> पशु बधशाला तथा बधस्थल स्थापना तथा संचालन कार्यक्रमको देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछ ।

१) <u>सम्झौताः</u> अनुदान प्रवाह गर्ने निकायले छनौट भएको अनुदानग्राहीसँग भुक्तानी प्रकृया तथा अनुदानग्राहीको दायित्व स्पष्ट रुपमा उल्लेख भएको सम्झौता अनुसूची-८ अनुसार गर्नु पर्नेछ,

२) <u>भुक्तानी विधिः</u> अनुदान रकमको भुक्तानी अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा ३ किस्तामा गरिनेछ ।

क) सम्झौता भएपछि कार्ययोजना, बैंक ग्यारेन्टी, पेश्की मागको निवेदन, र प्राप्त कार्यक्रम सचालन गर्न अति आवश्यक पर्ने बीस प्रतिशत कार्य सम्पन्न हुने क्रियाकलापहरुको प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

ख) पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्यौंट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,

ग) सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।

घ) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागतमा श्रम सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्नेछ ।

ङ) भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

च) अनुदानग्राहीले रनिङ्ग बील तथा तोकिएको कार्य सम्पादन गरी कार्यसम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिए पछि कार्यालयले तोकिएको सम्बन्धित प्राविधिकबाट कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँप जाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१०. **अनुदान रकम:** स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही प्रस्तावको उपयुक्तताको आधारमा पशुपन्छी व्यवसायसँग आवद्ध सहकारी, समुह र अन्य व्यवसायीलाई क्रमश बढीमा ७०%, ६०% र ५०% अनुदान दिन सकिनेछ, स्वीकृत पूँजीगत अनुदान अन्तर्गत पूर्वाधार निर्माण प्रकृतिका कार्यहरुका लागि दिइने अनुदान रकममा ५ प्रतिशत सम्म रनिङ्ग बिलको आधारमा कन्टिन्जेन्सी वापत कट्टा गर्न सकिनेछ ।

११. **अनुदानग्राही तथा उपभोक्ताहरुको काम, कर्तव्य र जिम्मेवारी:**

१) सूचनामा उल्लेख भएको मिति, स्थान र समयमा आफुले प्राप्त गरेका यस कार्यक्रम सम्बन्धित प्रमाण पत्र सहीत तोकिएको विवरण सहित आवेदन पेश गर्ने,

२) कार्यक्रम सञ्चालन गर्न यस कार्यविधिको अनुसूची अनुसार सम्झौता गर्ने,

३) सम्झौता अनुसार कार्यक्रम सञ्चालन गर्ने,

४) भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको सुझावहरु पालना गर्ने,

५) कार्यक्रम जुन उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिएको हो सोही अनुसारको कार्य प्रगति विवरण सम्बन्धित निकायमा नियमित रुपमा पेश गर्नु पर्ने

६) सम्झौतामा उल्लेख गरिएको समय सिमा भित्र कार्यक्रम सम्पन्न गरी समयमै भुक्तानीको लागि पेश गर्ने,

७) सम्झौता अनुरुप कार्य गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ, सम्झौता अनुरुपका कार्य गर्दा तोकिएको अनुदान रकम नपुग भएमा प्रस्तावक स्वयमले व्यहोर्ने वा अन्य श्रोत खोज्ने जिम्मा प्रस्तावकको हुनेछ,

८) कार्यक्रम संचालन स्थलमा स्वीकृत परियोजना सम्बन्धित कामको विवरण लागत सम्पन्न अवधि अपेक्षित उपलब्धि सहितको सार्वजनिक सुचना पाटी राख्नु पर्नेछ,

९) कार्यक्रमको शुरुवात देखि संचालन सम्बन्धि सम्पूर्ण कार्यको अभिलेख राखेको हुनु पर्नेछ,

१०) अनुदान रकम भुक्तानीका लागि सार्वजानिक सुनुवाई गरी तत्कालिन रंगिन फोटो सहित पेश गर्नु पर्नेछ,

१२) सम्झौता अनुसार सम्पन्न भएका पुर्वाधार तथा सामग्रीहरुको मर्मत तथा सम्भार गर्ने दायित्व सम्बन्धित अनुदान ग्राहीको हुनेछ ।

## परिच्छेद -३

## अनुगमन मुल्याङ्कन

१२. **अनुगमन गरिने:-** कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई अनुगमन निरिक्षण गर्न गराउन सक्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

परिच्छेद-४

अनुदानका विषय र सीमा

१३. अनुदानको विषयः अनुदान प्राप्त गर्न निम्न बमोजिम विवरण पुरा गरेका फर्म, समुह, सहकारी, साझेदार कम्पनी हरुले निम्न अनुसारको विषयमा अनुदान उपलव्ध गराउन सकिनेछ ।

१) प्रचलित कानुन बमोजिम इजाजत प्राप्त गरी दर्ता प्रक्रिया पुरा गरेको,

२) वातावरणिय प्रभाव मूल्यांकन प्रक्रिया पुरा गरेको,

३) प्रचलित कानुन बमोजिम तेकिएको मापदण्ड पुरा गरेको,

१४) अनुदानको सीमाः पशु बधशाला तथा बधस्थल स्थापना तथा संचालन गर्नका लागि अनुदानको सीमा अनुसुची ११ बमोजिम हुनेछ ।

१५) अनुदान उपलव्ध गराउन सकिने कार्यक्रमहरुः यस कार्यविधिको अनुसूची ११ मा उल्लेखित मापदण्ड पुरा गरेका प्रस्तावहरुलाई उपलव्ध गराउन सकिनेछ ।

१६) कार्यक्रम सञ्चालन गर्न प्राविधिकको व्यवस्थाः प्रचलित कानुन अनुसार बधशाला तथा बधस्थल स्थापना तथा संचालन गर्न आवश्यक पर्ने विज्ञ प्राविधिक तोकिए अनुसार परिचालन गर्नुपर्नेछ ।

परिच्छेद-५

विविध

१७) पुरस्कार तथा कार्वाहीको व्यवस्थाः

१) तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

२) सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

३) अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

४) यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ।

५) अनुगमनकर्ताले नियत पूर्वक झुटो प्रतिवेदन पेश गरेको पाइएमा नियमानुसार कडा कार्वाही गरिनेछ ।

६) प्रस्तावकले संझौता अनुसार काम नगरी अनुदान रकम दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

७) प्रस्तावमा झुटो विवरण पेश गरी अनुदान प्राप्त गरेको पाईएमा सम्झौता भएको भए पनि रद्द गर्न सकिनेछ ।

८) एकै प्रकृतिको कार्यक्रममा दोहोरो अनुदान प्राप्त गरेको पाइएमा यस मन्त्रालयबाट उपलव्ध गराइएको अनुदान कार्यक्रम रद्द गरिनेछ ।

हरिप्रसाद पण्डित

मा.विमला के.सी.

९) एक पटक अनुदानबाट स्थापना भएका पशु बधशाला र बधस्थल संचालकहरुलाई पुनः स्थापनाका लागि अनुदान उपलव्ध गराइने छैन ।

१०) यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कुराको हकमा पशु बधशाला तथा मासुजाँच ऐन २०५५, सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

१८) <u>बाधा अड्काउ फुकाउने:</u>

१) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ,

२) यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूची - १

(कार्यविधीको दफा ४ को उप दफा १ संग सम्बन्धित)

प्रस्ताव आव्हानको सूचनाको ढाँचा

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय /भेटेररिरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

.........

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०.../........../.........

यस भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, ................. को आ.व. .................... को बार्षिक स्वीकृत पशु बधशाला तथा बधस्थल स्थापना /संचालन कार्यक्रम सञ्चालन गर्नको लागि कार्यक्रमले तोके अनुसारका फर्म/कृषक समूह/समिति/ सहकारी/नीजि व्यवसायी/उद्यमी स्थानीय तहहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ..... दिन भित्र तपसिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, ................. मा पेश गर्न हुन जानकारी गर्राईन्छ । प्रस्तावकहरुले सरकारी निकायबाट बिगत तिन आर्थिक बर्ष एक लाख भन्दा माथीको नगद तथा बस्तुगत यस्तै प्रकृतिको कार्यक्रममा अनुदान सहयोग लिई सकेको भए छनौट प्रक्रियामा समावेश गर्राईने छैन । बिस्तृत जानकारी लागि सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, ................. मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

| सि नं | कार्यक्रमहरु | संख्या | कुल अनुदान रकम रु |
|---|---|---|---|
| १ | पशु बधशाला निर्माण | | |
| २ | पशु बधस्थल निर्माण सुधार | | |

क. संलग्न हुनु पर्ने कागजातहरु

१. आवेदन फाराम,

२. कार्ययोजना सहितको प्रस्ताव, अनुसूची ३ (क) र (ख) अनुसार

३. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी,

४. पशु बधशाला तथा बधस्थल स्थापना तथा संचालन गर्न कानुन बमेजिमको इजाजत प्राप्त पत्रको प्रतिलिपी

५. संस्थागत भए संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण,

६. अन्य प्राविधिक प्रमाण पत्र भए सोको प्रतिलिपीहरु,

७. निर्माण गरिने भौतिक संरचनाको हकमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी वा करार भए १० वर्ष सम्मको करार खुल्ने कागजात ।

८.बधशाला तथा बधस्थल स्थापना स्थलका स्थानीय तहका प्रतिनिधीको रोहवरमा संधियारहरुको मुचुल्का ।

९.पशु बधशालाको हकमा बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन ।

१०.नयाँ दर्तावाल प्रस्तावक संस्थाको हकमा गत आ.ब.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण पत्र पेश गर्नुपर्ने छैन ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूची - २

(कार्यविधीको दफा ४ को उप दफा २ संग सम्बन्धित)

आवेदनको ढाँचा

श्रीमान् प्रमख ज्यू,

भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, .................

बिषयः- ...................................... कार्यक्रममा प्रस्तावना पेश गरेको बारे ।

महोदय,

त्यस केन्द्रको मिति .............................. को प्रकाशित सूचना अनुसार हामीले यस आ.व.मा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र.............................. को बार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु बधशाला निर्माण, बधस्थल निर्माण सुधार गर्न इच्छा भएकोले तपसिल बमोजिमका कागजात राखी यो निवेदन पेश गरेका छु/ छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धि सम्झौता र मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्नेछु/ छौ र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुन मन्जुर रहेको व्यहोरा अनुरोध गर्दछु/छौ ।

तपसिल

१. आवेदन फाराम,

२. कार्ययोजना सहितको प्रस्ताव, अनुसूची ३ (क) र (ख) अनुसार

३. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी,

४. पशु बधशाला तथा बधस्थल स्थापना तथा संचालन गर्न कानुन बमेजिमको इजाजत प्राप्त पत्रको प्रतिलिपी

५. संस्थागत भए संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण,

६. अन्य प्राविधिक प्रमाण पत्र भए सोको प्रतिलिपीहरु,

७. निर्माण गरिने भौतिक संरचनाको हकमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी वा करार भए १० वर्ष सम्मको करार खुल्ने कागजात ।

८.बधशाला तथा बधस्थल स्थापना स्थलका स्थानीय तहका प्रतिनिधीको रोहवरमा संधियारहरुको मुचुल्का ।

९. पशु बधशालाको हकमा बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन ।

निवेदकको

नामः

पदः

संस्थाको नामः

मितिः

संस्थाको छाप

सचिव

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा.विमला के.सी.
मन्त्री

अनुसूची - ३ -क)

(कार्यविधिको दफा ५ को उप दफा ३ सँग सम्बन्धित)

प्रस्ताव-पत्रको नमूना

| क) प्राविधिक प्रस्ताव | | | | |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | |
| ३ | आवेदकको नाम | | | |
| ४ | ठेगाना | | | |
| ५ | आवेदकको सर्म्पर्क टेलिफोन नं । मोवाइल नं. | | | |
| ६ | आवेदक संस्था/ फर्म/ कम्पनी/ उद्योग/ व्यवसायको दर्ता नम्बर | | | |
| ७ | दर्ता भएको कार्यालय र मिति | | | |
| ८ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसायको उमेर -दर्ता वा स्थापना पश्चातको अवधी बर्षा) | | | |
| ९ | भ्याट/पान दर्ता नम्बर | | | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | | | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु | | | |
| १२ | सम्बन्धित कार्यालयसंग माग रकम रु | | | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्य | | | |
| १३.१ | | | | |
| १३.२ | | | | |
| १३.२ | | | | |
| १३.४ | | | | |
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | | | |
| १४.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १४.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी) | |
| १४.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १४.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिज) | |
| १४.५ | आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्रउपकरणको किसिम र संख्या उल्लेख गर्ने | | | |
| | | | | |
| | | | | |

हरिप्रसाद पण्डित
कृषि अर्थविज्ञ

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | |
| १६ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | महिला | दलित | जनजाती | अन्य |
| | | | | | |
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण | | | | |
| १७.१ | | | | | |
| १७.२ | | | | | |
| १७.३ | | | | | |
| १८ | कृयाकलाप कार्यान्वयन योजना | | | | |

| सि नं. | कृयाकलाप | मार्ग | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | |
|---|---|
| १९ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) |
| १९.१ | |
| १९.२ | |
| १९.३ | |
| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने सहकार्य गर्ने अन्य निकायहरुको नाम |

| | सहकार्य गर्ने अन्य निकायहरुको नाम | सहकार्य रकम रु |
|---|---|---|
| | | |
| | | |
| | | |

| | |
|---|---|
| २१ | प्रस्तावकले बिगत बर्षा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र) |
| २१.१ | |
| २१.२ | |
| २१.३ | |
| २२ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी (रु) |
| २३ | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| २३.१ | |
| २३.२ | |
| २३.३ | |

हरिप्रसाद पण्डित
... कृषि अर्थविज्ञ

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २४ | आवेदकसंग विद्यमान जनशक्ति विवरण | | | |
| | जनशक्तिको विवरण | | दक्षता (शैक्षिक योग्यता/तालिम) | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| २५ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर | | | |
| २५.१ | | | | |
| २५.२ | | | | |
| २५.३ | | | | |
| २६ | वातावरणिय असर न्यूनिकरणका लागी अपनाईने उपाय | | | |
| २६.१ | | | | |
| २६.२ | | | | |
| २६.३ | | | | |
| २७ | प्रस्तावित कार्यक्रमले श्रृजना गर्ने थप रोजगारी (संख्या) | | | |

**ख आर्थिक प्रस्ताव**

**क प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण**

| क्र. सं | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रतिइकाई दर (रु) | कुल लागत रकम (रु) | प्रस्तावकको योगदान (रु) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| जम्मा (रु) | | | | | | | | |
| भ्याट (रु) | | | | | | | | |
| कूल जम्मा (रु) | | | | | | | | |

माथि उल्लेखित सम्पर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गरांउछु/छौं ।

प्रस्तावक स्थानिय निकाय/सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/उद्यमीको जिम्मेवार पदाधिकारीको

नामः

पदः

हस्ताक्षरः

| मितिः |
|---|
| कार्यालय/संस्था/फर्मको छापः |
| प्रस्तावकको बैक खाता नः |
| बैंकको नामः |

**नोटः** आवश्यकता अनुसार लाइनहरु थप गर्न वा सेटअप मिलाउन सकिने छ ।प्रस्तावका साथ **निम्न कागजातहरु अनिवार्य रुपमा सम्मिलीत** हुनु पर्नेछ । म्याद नाघी वा रित नपुगी पेश भएका प्रस्तावहरु मुल्यांकन**मा सामेल गरीने छैन** ।

| क.स. | आवश्यक कागजातहरुको विवरण |
|---|---|
| १ | **सहकार्यको** लागि रु १० को हुलाक टिकट टांस गरेको निवेदन । |
| २ | **प्रस्तावकको** नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी । |
| ३ | **सम्बन्धित कार्यालयले** तोकेको ढांचामा तयार गरिएको प्राविधिक र आर्थिक प्रस्ताव तथा रु १० **लाख भन्दा माथीको साझेदारी प्रस्तावको** हकमा संक्षिप्त व्यावसायिक कार्ययोजना समेत । |
| ४ | **भूमि व्यवस्था** कृषि तथा सहकारी मन्त्रालय , पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र **भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ** केन्द्रको प्रस्ताव आव्हानमा सम्बन्धित स्थानिय तहको सिफारिस र स्थानिय **तहको कार्यालयको प्रस्ताव** आव्हानमा सम्बन्धित पशु सेवा शाखा सिफारिस । |
| ५ | **पशु बधशालाको** हकमा स्थानीय तहको अनुमति पत्र र वातावरणिय प्रभाव मुल्यांकन **प्रतिवेदन** |
| ६ | **कार्यक्रम कार्यान्वयन** स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी । |
| ७ | **लिजमा लिएको** जग्गाको हकमा कम्तिमा २० बर्षो करारनामा वा सम्झौता पत्र । |
| ८ | **प्रचलित कानून** बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण **गरेको प्रमाणित प्रतिलिपि** । |
| ९ | **सहकारी संस्था**/व्यावसायिक संस्था/फर्म/कम्पनीको हकमा मूल्य अभिबृद्धी कर **(VAT) वा स्थायि लेखा नम्बर** (pan) **दर्ता प्रमाणपत्रको** प्रमाणित प्रतिलिपि र कार्यसमितिको **निर्णय**। |

हरिप्रसाद पंण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची - ३ -ख)
(कार्यविधिको दफा ५ को उप दफा ३ संग सम्बन्धित)
संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा

| |
|---|
| पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम सन्चालन सम्बन्धि संक्षिप्त व्यावसायिक कार्ययोजना व्यावसायिक **कार्ययोजना** |
| पृष्ठभूमी |
| (प्रस्तावित कार्यक्रम/व्यवसाय शुरु गर्नु पर्नाको कारण र समग्र परिस्थिती बारे उल्लेख गर्ने) |
| व्यावसायको छोटो चिनारी |
| (प्रस्तावित कार्यक्रम/व्यवसायमा के र कसरी गर्न खोजिएको छ भन्ने कुरा उल्लेख गर्ने) |
| बिद्यमान भौतिक तथा अन्य पर्ूबाधारहरु |
| (प्रस्तावित कार्यक्रम/व्यवसाय सम्पन्न गर्नका लागी आवेदकसंग विद्यमान भौतिक, वित्तिय र प्राविधिक क्षमता वर्णन गर्ने) |
| दिर्घकालिन सोंच, उद्देश्य र महत्व |
| दिर्घकालिन सोंच |
| (प्रस्तावित कार्यक्रम/व्यवसायबाट हासिल गर्न खोजिएको दिर्घकालिन लक्ष उल्लेख गर्ने) |
| उद्देश्य |
| (कार्यक्रम/व्यवसायले हासिल गर्ने तात्कालिक उद्देश्यहरु उल्लेख गर्ने) |
| महत्व |
| व्यवसाय संचालनबाट हासिल हुने प्रत्यक्ष र अप्रत्यक्ष लाभ उल्लेख गर्ने (स्थानिय तथा प्रदेश तहमा) |
| कार्यक्रम/व्यवसायको संभाव्यता विश्लेषण |
| व्यवसाय योजना |
| उत्पादन योजना |
| (के, कती र कसरी उत्पादन गर्ने योजना छ भन्ने कुरा उल्लेख गर्ने) |
| कच्चा पदार्थको उपलब्धता र कती कच्चा पदार्थको आवस्यक्ता पर्छ तथा सो कहांबाट र कसरी प्राप्त गरिन्छ भन्ने कुरा उल्लेख गर्ने ) |
| उत्पादन हुने बस्तु र परिमाण |
| (कार्यक्रम/व्यवसाय संचालन पश्चात दैनिक रुपमा उत्पादन हुने बस्तु र सेवाको परिमाण समेत उल्लेख गर्ने) |
| प्रबिधी प्रयोगको सम्भाव्यता |
| (उत्पादनका लागी आवस्यक पर्ने प्रविधी, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी निश्चित गरिन्छ भन्ने कुरा उल्लेख गर्ने) |
| बजारिकरण योजना |
| (उत्पादित बस्तुको सम्भावित बजार, बिक्रि योजना, गुणस्तर व्यवस्थापन र प्रतिष्पर्धामा कायम रहने योजना उल्लेखगर्ने) |
| व्यवस्थापन योजना |
| (व्यवस्थापनको उच्च तहमा रहनेहरुको नाम, पद, योग्यता, अनुभव र भूमिका आदी संक्षिप्त रुपमा उल्लेख गर्ने) |
| वातावरणीय प्रभाब विश्लेशण |
| (प्रस्तावित कार्यक्रम/व्यवसायले वातावरणमा पार्ने सकारात्मक वा नकारात्मक प्रभावहरुको आंकलन गरी नकारात्मक प्रभाव नयूनिकरणका लागी के कस्ता उपायहरु अवलम्बन गरिने छ भन्ने उल्लेख गर्ने) |
| लाभग्राही विश्लेशण |



...प्रसाद पण्डित
...अर्थविज्ञ

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर सुर्खेत नेपाल

| |
|---|
| (प्रस्तावित कार्यक्रम/व्यवसायका प्रत्यक्ष वा अप्रत्यक्ष लाभग्राहीहरुको संख्या तथा लैंगिक र सामाजिक वर्गिकरण सहित उनिहरुले कसरी लाभ प्राप्त गर्नेछन् भन्ने कुरा उल्लेख गर्ने । |
| लागत लाभ विश्लेशण |
| (यस्ता पूर्वानुमानहरुको आधारमा लागत लाभ विश्लेशण गरिएको छ भन्ने कुरा उल्लेख गरी निम्न तालिका बमोजिम आम्दानी खर्चको अनुमान लगाउने) |

| विवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रोबर्ष | जम्मा |
|---|---|---|---|---|
| पूजिगत खर्च | | | | |
| भौतिक निर्माण | | | | |
| मेशिनरी/उपकरण | | | | |
| कुल पूजिगत खर्च | | | | |
| चालु खर्च | | | | |
| उत्पादन समाग्री खरिद | | | | |
| कर्मचारीलाई तलब भुक्तानी | | | | |
| श्रमिक ज्याला भुक्तानी | | | | |
| भाडा, पानी, बिजुली खर्च | | | | |
| मर्मत सम्भार खर्च | | | | |
| बिक्रिवितरण खर्च | | | | |
| व्याज भुक्तानी ("च" को व्याज प्रतिशत अनुसार) | | | | |
| कुल चालु खर्च | | | | |
| जम्मा खर्च | | | | |
| व्याज रहित अनुदान | | | | |
| आफ्नै आयबाट बेहोरिने रकम | | | | |
| व्याज तिर्नुपर्ने रकम | | | | |
| आम्दानी | | | | |
| मूख्य उत्पादन बिक्रि | | | | |
| सहायक उत्पादन बिक्रि | | | | |
| कुल आम्दानी | | | | |
| खुद मुनाफा | | | | |
| ग्रस मार्जिन | | | | |
| सांवा भुक्तानी ("च" को भुक्तानी) | | | | |
| खुद बचत | | | | |

व्यावसायिक कार्ययोजना पेश गर्नेको

नामः

पदः

हस्ताक्षरः

मितिः

संस्थाको छापः

सचिव



...प्रसाद पण्डित
...अर्थविज्ञ

मा.विमला के.सी.
मन्त्री

अनुसूची ४

(कार्यविधिको दफा ७ को उपदफा १ सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कन फारम

| क्र.स. | मूल्यांकनका आधारहरु | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आवेदक सम्बन्धि | | |
| १.१ | संस्थाको उमेर (व्यक्तिको हकमा सम्बन्धित कामको अनुभव) | १० | |
| १.१.१ | ३ बर्षन्दा घटी | २ | |
| १.१.२ | ३ देखी ५ बर्षसम्म | ४ | |
| १.१.३ | ६ देखी ८ बर्ष | ६ | |
| १.१.४ | ९ देखी ११ बर्ष | ८ | |
| १.१.५ | १२ बर्षभन्दा बढी | १० | |
| १.२ | कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पुर्वाधारको अवस्था | २० | |
| १.२.१ | सडक सुविधा भएको | ४ | |
| १.२.२ | बिजुलीको सुविधा भएको | २ | |
| १.२.३ | खानेपानीको सुविधा भएको | २ | |
| १.२.४ | जग्गाको स्वामित्व आफ्नै भएको | ८ | |
| १.२.५ | आफ्नै स्वामित्वको भवन, भौतिक पर्वाधार, सवारी साधन, यन्त्रउपकरण भएको | ४ | |
| १.३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम संथाको हकमा स्थायी कामदारहरुको | १० | |
| १.३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| १.३.२ | ७ देखी १५ दिने अवधिको तालिम | ४ | |
| १.३.३ | १६ देखी ३० दिने अवधिको तालिम | ६ | |
| १.३.४ | १ महिना देखी ३ महिना अवधीको तालिम | ८ | |
| १.३.५ | ३ महिना भन्दा बढी अवधीको तालिम | १० | |
| १.४ | वित्तिय क्षमता | ४ | |
| १.४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | २ | |
| १.४.१ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | २ | |
| १.५ | प्रत्यक्ष लाभाविन्वत संख्या | ५ | |
| १.५.१ | ५ जना सम्म | १ | |



पण्डित ... अर्थविज्ञ

सचिव

मा.विमला के.सी.

| क.स. | मूल्यांकनका आधारहरु | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १.५.२ | ६ देखी १० जना सम्म | २ | |
| १.५.३ | ११ देखी १५ जना सम्म | ३ | |
| १.५.४ | १६ देखी २० जना सम्म | ४ | |
| १.५.५ | २१ जना भन्दा बढी | ५ | |
| १.६ | वातावरणिय उपयुक्तता | ६ | |
| १.६.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ३ | |
| १.६.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| १.७ | अन्य पक्षहरु | २० | |
| १.७.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| १.७.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल बिचको तादात्म्यता | ५ | |
| १.७.३ | प्रमुख सञ्चालकको उमेर (४५ वर्षवा कम उमेरको लागी पुर्णांक, ४६ देखि ५५ को लागी ३ अंक, ५६ देखि ६५ को लागी १ अंक र सो भन्दा बढीलाइ शून्य अंक) | ५ | |
| १.७.४ | भइरहेको व्यवसाय नभइ लगानी गर्न खोजिएको नया व्यवसाय | ५ | |
| १.८ | स्विकृत कार्यविधीका अनुसारका थप आधारहरु | २५ | |
| १.८.१ | आवेदक संस्थाको किसिम र सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| १.८.२ | प्रविधिक र आर्थिक प्रस्तावको गुणस्तर | १० | |
| १.८.२.१ | प्राविधिक प्रस्ताव गुणस्तर | ५ | |
| १.८.२.२ | आर्थिक प्रस्ताव गुणस्तर | ५ | |
| १.८.३ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| १.८.३.१ | निर्देशनालयको फर्म्याट | ३ | |
| १.८.३.२ | कार्ययोजनाको विवरण | २ | |
| १.८.४ | मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन | ५ | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| क.स. | मूल्यांकनका आधारहरु | भार | प्रासाङ्क |
|---|---|---|---|
| १.८.५ | पेश भएका विवरणहरुको विश्वसनियता | ५ | |
| १.८.५.१ | सम्बन्धित स्थानीयपशु सेवा कार्यालयको शिफारिस | १ | |
| १.८.५.२ | स्थानीय निकायको शिफारिस | १ | |
| १.८.५.३ | स्थानीय बासिन्दाबाट विरोध नहुने प्रतिबद्धता | १ | |
| १.८.५.४ | लेखा परिक्षण प्रतिवेदन | १ | |
| १.८.५.४ | आधिकारिक निकायमा दर्ता नविकरण | १ | |
| | जम्मा | १०० | |

**नोटः प्रस्ताव मुल्यांकन समितिले** आवस्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार बुँदा नं. १.९ का उप आधारहरु **परिमार्जन वा थपघट गरी सम्वन्धित कार्यालय** प्रमुख वाट स्वीकृत गर्राई लागु गर्न सक्नेछ । पशु बधशाला तथा बधस्थल **निर्माण सुधार कार्यक्रम अन्तरगतको मुल्यांकनमा स्थानीय** तहको हकमा संस्थाको उमेर प्राविधिक दक्षता वित्तिय क्षमता विवरणको **विश्वसनियता वापतको अंकमा पुर्णांक प्रदान** गरीने छ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसुची ५

(कार्यविधिको दफा ७ को उपदफा १ संग सम्बन्धित)

स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

क) सामान्य जानकारी

१. जिल्लाः

२. आवेदकको नामः

३. कार्यक्रम सन्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. स्थलगत प्रमाणिकरण मितिः

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

ख) आवेदकको मूल्याङ्कन

| क्र.स. | विवरण | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागी जग्गा उपलब्ध हुनसक्ने सम्भावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुऱ्याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वय स्थलमा बाटो, पानी, बिजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्ता छ/छैन | | |
| २ | प्राविधिक क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवस्यक प्राविधिक सेवाटेवा प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | वित्तिय क्षमता | १५ | |
| ३.१ | आवेदकले आवस्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैङ्क मौजदात वा हाल संचालित कारोवारको बचत छ/छैन | | |
| ३.३ | आवस्यक रकम वित्तिय संस्थाबाट ऋृण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणिय उपयुक्तता | १० | |
| ४.१ | त कार्यक्रम कार्यन्वयन गर्दा स्थानीय बासिन्दाबाट विरोध हुनसक्ने वस्ता था छ/छैन | | |

| | | | |
|---|---|---|---|
| ४.२ | प्रस्तावित कार्यक्रमले वातवरणमा नकारात्मक असर पुग्नसक्ने अवस्था छ/छैन | | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत/व्यावसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवस्यक कच्चापदार्थ प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित बस्तुको सहज बजारिकरण हुनसक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत प्रमाणिकरण टोलीको राय | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोटः माथी उल्लेखित प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक अवस्था भेटिए ५ अङ्क देखि र नकारात्मक अवस्था भेटिए ० अङ्क सम्म प्रदान गर्ने । उत्तीर्ण हुनका लागि न्यूनतम ४० अङ्क प्राप्त गर्नु पर्नेछ । स्थलगत प्रमाणीकरणमा प्राप्त अंकले प्रस्ताव मुल्यांकनमा प्राप्त अंक र वरियताक्रममा भिन्नता पार्ने छैन तर निर्णायक प्रभावपार्न सक्नेछ ।

ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण

| कं स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गने

१.

२.

३.

४.

५

ङ) स्थलगत प्रमाणिकरण टोलीको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

मा.विमला के.सी.
मन्त्री

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश सरकार, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची - ६

(कार्यविधिको दफा ७ को उपदफा १ संग सम्बन्धित)

प्रस्ताव छनौट मूल्याङ्कनको फाराम ढाँचा

| सि नं | आवेदकको नाम ठेगाना | अनुसुची ४ को पांप्तांक | अनुसुची ५ को प्राप्तांक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची ७

प्रतिबद्धता पत्र

..........................................समुह/समिति/सहकारी/फर्मको..........पदमा रहेको म श्री .................. यो प्रतिबद्धता गर्दछु कि मैले ...............................................केन्द्रबाट पशुबधशाला तथा बधस्थल स्थापना/ संचालन गर्न मिति ................मा प्रकाशित सूचना अनुसारको प्रस्ताव पेश गरी प्रस्ताव स्वीकृत भई कार्य योजनामा उल्लेखित भएका कार्यक्रमहरु र सम्झौतामा उल्लेख भएका शर्तहरुको पूर्ण रुपमा पालना गर्नेछु/छौं । सो कार्यक्रममा तोकिए अनुसारको लागत /उपलव्धी अन्य सेवा सुविधा कार्ययोजनामा तोकिए बमोजिम सहभागिता हुन सहमत छु/छौं सो को पालना नभएमा प्रचलित कानुन बमोजिम गर्ने गराउने छु/छौं भनि यो प्रतिबद्धता पेश गराको छु/छौं ।

प्रतिबद्धता गर्नेको

दस्तखतः

नामः

पदः

संस्थाको नामः

मितिः

छापः

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# अनुसूची – ८

(कार्यविधिको दफा ९ को उपदफा १ बमोजिम)

सम्झौता पत्रको ढांचा

प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र......................कार्यालयको आर्थिक वर्ष....................को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा......................... कार्यक्रम संचालन गर्न श्री ................ .......................... केन्द्र /कार्यालय, (यस पछि प्रथम पक्ष भनिने) र श्री .......................... (यसपछी दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरी दियौं/लियौं।

तपसिल

१.प्रथम पक्षले......................कार्यक्रमको लागि विनियोजित रु........... मध्ये ५ प्रतिशत कन्टिन्जेन्सी वापतको रु............कट्टा गरी दोस्रो पक्षलाई रु..............(अक्षरुपी.............) बराबरको आर्थिक अनुदान÷सामग्री सहयोग प्रदान गर्नेछ।

२.दोस्रो पक्षले बांकी रकमको व्यवस्था गरी. .....................जिल्ला ............... न.पा.÷÷गा.पा. ......... नं. वडाको ................. भन्ने स्थानमा यसै आर्थिक बर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गरिनेछ।

३.दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईस्टीमेट अनुसारका सम्पुर्ण कार्यक्रमहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नेछ।

४.कार्यक्रम संचालनका लागि आवश्यक निर्माण सम्बन्धि डिजाईन, ईस्टीमेट, सुपरभिजन, रनिंग विल, अन्तिम विल र कार्यक्रम सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी संचालन र जग्गाको व्यवस्था आदी दोस्रो पक्षले गर्नेछ।

५.दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानिबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोस्रो पक्षको बैङ्क खातामा एकमुष्ट भुक्तानी दिनेछ। वा

६.नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कर्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबर किस्ता वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान र कामको भुक्तानी बैङ्क खाता मार्फत गर्नेछ।

७. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा सवैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदन रकम उल्लेखित बोर्ड सबैले देख्नेगरी राख्नेछ।

९. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातको सन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोजिम र दिगोपनाका लागि गरिन कार्यहरु तथा अप्रत्यासित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.

१०. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धि विवरणहरु सम्बन्धित स्थानिय निकाय मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

११. कार्यक्रम संचालनका दौरानमा कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

१२. सम्झौतामा उल्लेखित हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवैपक्षको आपसी सहमति अनुसार हुनेछ।

१३.द्विपक्षिय सम्झौता मुताविकको काम नभई रकम दुरुपयोग हुनसक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्सर्सो गर्दा पनि सुधार नदेखिए एकपक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बांकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ।

१४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईस्टीमेट र दर भाउ मेसीनरी, उपकरण र अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसंग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तरका राखि निर्धारित समय भित्र सम्मन्न गर्नेछ। सो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुनेछैन।

दोस्रो पक्षको तर्फवाट
हस्ताक्षर
नाम:
पद:
कार्यालय:
कार्यालयको छाप:

प्रथम पक्षको तर्फवाट
हस्ताक्षर
नाम:
पद:
कार्यालय:
कार्यालयकोछाप:

रोहवर
हस्ताक्षर
नाम:
पद:
कार्यालय:
कार्यालयको छाप:

हस्ताक्षर
नाम:
पद:
कार्यालय:
कार्यालयको छाप:

इति सम्वत ......................साल ............. महिना ......... गते रोज ........ शुभम्।

नोट: द्विपक्षिय सम्झौतामा आबश्यक्ता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची – ९
(कार्यविधिको दफा १२ संग सम्बन्धित)

मध्यावधिक प्रतिवेदनको ढाँचा

कृषक/संस्थाको नाम, थरः
ठेगानाः जिल्ला .................. गाउँ/नगरपालिकाः .......... गाउँ/टोलः ............... वडा नं. .......
पशु बधशाला तथा बधस्थल स्थापना तथा संचालन भएको स्थानः ...........................
प्रतिवेदन पेश गरेको मिति
अनुदान प्राप्त गरेको रकम
सहयोग स्वरुप प्राप्त भएको अनुदान रकमः ..............................................................
प्रस्तावक तर्फाट लागत सहभागिता गरिने रकमः.............................................
श्रमदानः ................................................................................................
सर्म्पर्क टेलिफोन नम्बरः ...........................................................................
सम्पन्न भएका कार्य विवरणः

| क्र.सं. | क्रियाकलाप | अनुदान खर्च | साझेदारी खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | कुल खर्च | | | |

यस अवधिमा सम्पन्न भएका अनुगमन विवरण

विज्ञ केन्द्र ........................ बाट पटक मिति
प्रदेश निर्देशनालय ...............................बाट पटक मिति
प्रदेश मन्त्रालय ...............................बाट पटक मिति
अन्य निकाय .....................................बाट पटक मिति

पेश गर्नेको नामथरः-
पदः-
दस्तखतः-

संस्था भए संस्थाको छापः-
मितिः-

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव



मा.विमला के.सी.
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची – १०

(कार्यविधिको दफा १२ संग सम्बन्धित)

अन्तिम कार्य सम्पन्न प्रतिवेदनको ढाँचा

कृषक/संस्थाको नाम, थर:

ठेगाना: जिल्ला .................... गाउँ/नगरपालिका: .......... गाउँ/टोल: ................ वडा नं. .......

पशु बधशाला तथा बधस्थल स्थापना तथा सञ्चालन भएको स्थान: ............................

प्रतिवेदन पेश गरेको मिति

अनुदान प्राप्त गरेको रकम

सहयोग स्वरुप प्राप्त भएको अनुदान रकम: ...............................................................

प्रस्तावकको तर्फबाट लागत सहभागिता गरिने रकम:............................................

श्रमदान: ..........................................................................................................

सर्म्पर्क टेलिफोन नम्बर: ....................................................................................

सम्पन्न भएका कार्य विवरण:

| क स. | क्रियाकलाप | अनुदान खर्च | साझेदारी खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | कुल खर्च | | | |

कार्यक्रमबाट उत्पादन हुने सेवा वा बस्तुको विवरण

| क्र.सं. | विवरण | इकाइ | क्षमता परिमाण | पहिलो बर्षउपलव्धी | |
|---|---|---|---|---|---|
| | | | | परिमाण | आम्दानी रु |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

कार्यक्रमबाट भएका उपलव्धीहरु बुदागत रुपमा

१.

२.

३.

४.

प्रसाद पण्डित
कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

५.

यस अवधिमा सम्पन्न भएका अनुगमन विवरण

| | | | |
|---|---|---|---|
| विज्ञ केन्द्र ........................ | बाट | पटक | मिति |
| प्रदेश निर्देशनालय ................................ | बाट | पटक | मिति |
| प्रदेश मन्त्रालय ................................ | बाट | पटक | मिति |
| अन्य निकाय ...................................... | बाट | पटक | मिति |

पेश गर्नेको नामथरः-
पदः-
दस्तखतः-

संस्था भए संस्थाको छापः-
मितिः-

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूची-११
(कार्यविधिको दफा १४ संग सम्बन्धित)

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्राविधिक मापदण्ड तथा शर्तहरु

| विषय | अनुदानमा समावेश गरिने कार्यक्रम | अनुदानको परिधि | कैफियत |
|---|---|---|---|
| राँगा बधशाला तथा बधस्थल स्थापना तथा संचालन | मापदण्ड अनुसार भवन निर्माण सुधार आवश्यक मेशीनरी सामान खरिद औजार तथा उपकरण फोहर व्यवस्थापनका कार्यहरु | यस कार्यविधीको दफा १० अनुसार हुनेछ। | निर्माण संग स्थानीय दररेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने र मेसीनरी औजार उपकरणको लागि स्फेसिफिकेशन सहित कोटेशन |
| खसी बोका बधशाला तथा बधस्थल स्थापना तथा संचालन | मापदण्ड अनुसार भवन निर्माण सुधार आवश्यक मेशीनरी सामान खरिद औजार तथा उपकरण फोहर व्यवस्थापनका कार्यहरु | यस कार्यविधीको दफा १० अनुसार हुनेछ। | निर्माण संग स्थानीय दररेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने र मेसीनरी औजार उपकरणको लागि स्फेसिफिकेशन सहित कोटेशन |
| बंगुर बधशाला तथा बधस्थल स्थापना तथा संचालन | मापदण्ड अनुसार भवन निर्माण सुधार आवश्यक मेशीनरी सामान खरिद औजार तथा उपकरण फोहर व्यवस्थापनका कार्यहरु | यस कार्यविधीको दफा १० अनुसार हुनेछ। | निर्माण संग स्थानीय दररेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने र मेसीनरी औजार उपकरणको लागि स्फेसिफिकेशन सहित कोटेशन |

**१ पशु वधशालाको स्थापना र सञ्चालन गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड देहाय बमोजिमको हुनु पर्नेछः–**

क वध गर्न ल्याइएका पशुहरुको स्वास्थ्य परीक्षण गर्नु अघि र स्वास्थ्य परीक्षण गरी वध गर्न योग्य पशु राख्ने छुट्टा छुट्टै स्थानको व्यवस्थाभएको,

ख) विरामी पशु राख्ने अलग्ग स्थानको व्यवस्था भएको,

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

मा.विमला के.सी.
मन्त्री

ग) वध गर्नुभन्दा अघि पशुको स्वास्थ्य परीक्षण (एन्टिमोर्टम एक्जामिनेशन) गर्नको लागि आवश्यक स्थानको व्यवस्था भएको,

घ) वध गर्नु भन्दा अघि वेहोस बनाउने (स्टनीङ्ग), वध गरेपछि रगत निर्थोर्ने (ब्लिडिङ्ग), छाला काड्ने, खुइल्याउने, मासु सफा गर्ने तथा आन्द्रा भुंडी तह लगाउने र सफा गर्ने छुट्टै स्थानको व्यवस्था भएको,

ङ) पशु वध गरिसकेपछि मासु परीक्षण (पोष्टमार्टम एक्जामिनेशन) गर्ने र मानिसले उपभोग गर्न अयोग्य मासु (कन्डेम्ड मिट) तह लगाउने स्थानको व्यवस्था भएको,

च) आवश्यक मात्रमा चिसो तथा तातो पानीको व्यवस्था गरिएको,

छ) वध गर्न ल्याइएका पशु बाहेक अन्य कुनै पनि पशु प्रवेश गर्न नसक्ने गरी निर्माण गरिएको,

ज) पशु वधशालाभित्र काम गर्ने कोठाहरुमा आवश्यक मात्रमा प्रकाश र स्वच्छ हावा आउने गरी व्यवस्था मिलाइएको,

झ) पशुको स्वास्थ्य परीक्षण गर्ने स्थान, वध गरिने स्थान, मासु परीक्षण गर्ने स्थानको भूई सजिलैसंग सफा गर्न सकिने, पक्की, पानी नसोस्ने र ढल निकासको समुचित व्यवस्था मिलाएको,

ञ) पशु वधशालामा आफ्नो पशुको वध गरेको हेर्न चाहनेका लागि पशु वध गरिने स्थानमा प्रवेश नगरीकन यस्तो कार्य हेर्न सकिने व्यवस्था मिलाइएको,

ट) मासु सुरक्षितसाथ राख्नको लागि अवश्यक शीत भन्डारको व्यवस्था भएको,

ठ) वध गरिने पशु ओसार पसार गर्न प्रयोग गरिने सवारी साधन राखिने स्थान पक्की, सजिलैसंग सफा गर्न सकिने र वधशाला भन्दा अलग्ग निर्माण गरिएको,

ड) पशु वध गरिने स्थानमा,–

१) टेवुलको सतह खिया नलाग्ने भएको,

२) मासु झुण्डयाउन प्रयोग हुने रेल (मिट रेल्स) ग्याल्भेनाइज्ड नगरिएको,

३) अचानो बाहेक अन्य वेञ्च र टेवुलको सतहमा काठ प्रयोग नगरिएको,

४) वध गरिएको पशु झुण्डयाउन आवश्यक पर्ने घिर्नी (पुल्ली), अंकुश (हुक) तथा डोरीको व्यवस्था गरिएको,

५) प्रयोग गरिने हतियार, औजार तथा उपकरण खिया नलाग्ने किसिमको भै निर्मलीकरण (स्टेरिलाइजेशन) गर्ने सुविधा भएको

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा.विमला के.सी.
मन्त्री

ढ) पशु वध गरिने स्थानमा देहायका सामग्रीहरु प्रयोग गर्न पाइने छैनः–

१) तामा र सो मिसिएको ढलौट तथा क्याड्मियम प्रयोग गरिएको हतियार तथा उपकरणकहरु,

२) पालिस वा इनामेल लगाइएका भाण्डा, हतियार तथा उपकरणहरु,

३) शिशा (लिड) यूक्त भाडा तथा उपकरपणहरु ।

ण) देहायका पशु वध गर्ने स्थान छुट्टा छुट्टै हुनु पर्नेछः–

(१) भेडा । बाख्रा । च्याङ्ग्रा

(२) रांगो । भैंसी

(३) बंगुर । सुंगुर

(४) पंक्षी जाती

त) पशु बधशाला तथा बधस्थलमा काम गर्ने कर्मचारीहरुले अपनाउनु पर्ने विधिहरु

१) पशु वधशालाभित्र प्रवेश गर्ने व्यक्तिले व्यवस्थापनद्वारा निर्धारित पहिरन र जुत्ता (रबर बुट) लगाएर मात्र प्रवेश गर्नु पर्नेछ ।

२) क्षयरोग, छाला सम्बन्धी रोग तथा अन्य संक्रामक रोग लागेको व्यक्तिलाई पशु बधशाला तथा बधस्थलभित्र प्रवेश गर्न वा कार्य गर्न दिइने छैन ।

३) पशु वधशालामा पशु वध गर्ने कार्य समाप्त भएको आठ घण्टाभित्र वध गरिएको पशुको मल, मुत्र, रगत, भुत्ला जस्ता खेरजाने भाग तथा फोहर मैला उपयुक्त तरीकाले हटाउने, नष्ट गर्ने वा तह लगाउने कार्य गर्नु पर्नेछ ।

४) पशु वधशालामा वध गरिने प्रत्येक पशुलाई पहिचान गर्न सक्ने गरी पहिचान चिन्ह दिनु पर्नेछ ।

५) पशु वधशालाभित्र प्रयोग भएका कपडा, हतियार वा औजार क्षयरोगको शंका गरिएको पशुको मासुमा प्रयोग भएकोमा आधा घण्टासम्म लुगा धुने सोडा राखिएको पानीमा उमालेर मात्र पुनः प्रयोगमा ल्याउनु पर्नेछ ।

६) वध गरिएको पशुको कुनै पनि अंग र झिल्ली जस्तो पदार्थ (सेरस मेम्ब्रेन) मासु निरीक्षकले निरीक्षण नगरेसम्म शरीरबाट छुट्याउन पाइने छैन ।

७) वध गरिएको पशुको मासुमा देखिएको कुनै रोगको पहिचन वा चिन्ह मासु निरीक्षकको आदेश बिना पानीले धोएर, पुछेर, खुर्केर वा अन्य कुनै तरिकाबाट हटाउन पाइने छैन ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ


सचिव

मन्त्री

द) पशु बधशालाभित्र काम गर्ने व्यक्तिको प्रत्येक छ । छ महिनामा स्वास्थ्य परीक्षण गराई निरोगिताको प्रमाणपत्र मासु सुपरीवेक्षक समक्ष पेश गर्नु पर्नेछ ।

थ ) पशु बधशाला तथा बधस्थल तथा पशु बध स्थलको नक्साकन देहाय बमोजिम हुनु पर्नेछ

१ पशु बधशाला तथा बधस्थल तथा बधस्थल नक्शांकन





हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

२ मासु पसलको नक्शांकन




प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रा
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री